# जोरायल राजपत्र


जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः-९ संख्याः-२ मितिः- २०८२ भदौ १० गते


## भाग २

## जोरायल गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;

## संवत् २०८२ को कार्यविधि नं. २

<u>“मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई सुधार केन्द्रमा राख्ने सम्बन्धी कार्यविधि, २०८२”</u>

जोरायल गाउँपालिका

## १. प्रस्तावनाः

जोरायल गाउँपालिका क्षेत्रभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको उचित उपचार, परामर्श, संरक्षण तथा सामाजिक पुनर्स्थापनाका लागि स्पष्ट कानूनी तथा प्रशासनिक मार्गदर्शन आवश्यक देखिएकोले नेपालको संविधान, मानसिक स्वास्थ्य सम्बन्धी प्रचलित ऐन/नियम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधि तयार गरिएको हो।

## २. नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई सुधार केन्द्रमा राख्ने सम्बन्धी कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## ३. कानुनी आधारः

यो कार्यविधि देहायका कानुनी प्रावधानहरूको अधीनमा रही लागू हुनेछः

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- मानसिक स्वास्थ्य सम्बन्धी प्रचलित ऐन, नियम तथा नीतिहरू



जोरायल गाउँपालिका

- गाउँ कार्यपालिकाको निर्णय

## ४. उद्देश्यः

यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछः
क) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई समयमै उपचार तथा संरक्षण प्रदान गर्नु
ख) जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरू र समुदायको सुरक्षा सुनिश्चित गर्नु
ग) मानसिक बिरामीको सामाजिक पुनर्स्थापना र परिवारसँग पुनर्मिलनमा सहयोग गर्नु

## ५. परिभाषाः

यस कार्यविधिमा, सन्दर्भअनुसारः

- **"गाउँपालिका"** भन्नाले जोरायल गाउँपालिका जनाउँछ।
- **"मानसिक बिरामी"** भन्नाले चिकित्सक वा स्वास्थ्य संस्थाबाट मानसिक स्वास्थ्य समस्या भएको भनी पहिचान गरिएको व्यक्ति जनाउँछ।
- **"सुधार केन्द्र"** भन्नाले सरकारबाट स्वीकृत वा दर्ता प्राप्त मानसिक स्वास्थ्य उपचार तथा पुनर्स्थापनाका लागि सञ्चालनमा रहेको केन्द्र जनाउँछ।
- **"आर्थिक सहयोग"** भन्नाले उपचार, बसोबास, खानपान, औषधि तथा अन्य आवश्यक खर्चका लागि गाउँपालिकाबाट उपलब्ध गराइने रकम जनाउँछ।



जोरायल गाउँपालिका

## ६. लाभग्राही छनोटका मापदण्डः

देहायका अवस्था भएका व्यक्तिहरू यस कार्यविधि अनुसार सहयोगका लागि योग्य मानिनेछन्-

- मानसिक सन्तुलन कमजोर भई आफू वा अरूलाई हानी पुऱ्याउने सम्भावना भएको
- परिवार वा समुदायबाट हेरचाह गर्न कठिन भएको
- आर्थिक अवस्था कमजोर भई उपचार गर्न असमर्थ भएको
- चिकित्सक, प्रहरी, वडा कार्यालय वा सामाजिक निकायको सिफारिस प्राप्त भएको

## ७. निवेदन तथा सिफारिस प्रक्रियाः

१) सम्बन्धित व्यक्ति, परिवार, वडा कार्यालय, प्रहरी वा सामाजिक संस्थाबाट गाउँपालिकामा निवेदन पेश गर्न सकिनेछ।
२) गाउँपालिकाको कार्यालयले प्रारम्भिक अध्ययन गरी सिफारिस सहित गाउँपालिकामा पेश गर्नेछ।
३) आवश्यक परेमा स्वास्थ्यकर्मी, सामाजिक विकास शाखा वा सम्बन्धित निकायबाट प्रतिवेदन लिइनेछ।

## ८. निर्णय प्रक्रियाः

१) प्राप्त निवेदन तथा प्रतिवेदनको आधारमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्नेछ।
२) उपयुक्त देखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट सुधार



जोरायल गाउँपालिका

केन्द्रमा राख्ने निर्णय गरिनेछ।
३) निर्णयमा सुधार केन्द्रको नाम, बसाइ अवधि तथा खर्चको सीमा उल्लेख गरिनेछ।

## ९. आर्थिक सहयोग व्यवस्थाः

१) सुधार केन्द्रमा बसोबास, उपचार, औषधि, खानपान तथा यातायात खर्च गाउँपालिकाबाट व्यहोर्ने व्यवस्था गरिनेछ।
२) खर्च रकम स्वीकृत बजेट तथा कार्यपालिका निर्णय अनुसार भुक्तानी गरिनेछ।
३) खर्च विवरण बिल, भरपाई तथा प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ।

## १०. अनुगमन तथा मूल्याङ्कनः

१) गाउँपालिकाले समय–समयमा सुधार केन्द्रसँग समन्वय गरी अनुगमन गर्नेछ।
२) सुधार केन्द्रबाट प्रगति प्रतिवेदन प्राप्त गरिनेछ।
३) सुधार भएपछि परिवार वा समाजमा पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

## ११. गोपनीयता र मानव अधिकारः

मानसिक बिरामीको सम्मान, गोपनीयता तथा मानव अधिकारको पूर्ण संरक्षण गरिनेछ। कुनै पनि किसिमको दुर्व्यवहार वा भेदभाव गर्न पाइने छैन।

जोरायल गाउँपालिका

## १२. विविधः

१) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।
२) आवश्यक परेमा गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

१३. कार्यविधिको संशोधनः- यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक परेमा संशोधन गर्नेछ ।

आज्ञाले

गणेशदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका